# शुभकामना

नेपालीहरुको महान चाड शुभ विजयादशमी तथा दिपावली, छठ पर्व-२०७८ को पावन अवसरमा हाम्रा समस्त शेयरधनी एवं शुभचिन्तकहरुमा सुख, शान्ति सम्बृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री हितमान गुरुङ्ग
अध्यक्ष एवम्
दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१२, कास्की

## संस्थाका शेयर सदस्यहरुले जानकारी राख्नुपर्ने विषयहरु:

१. बचत तथा कर्जा बुझाउन सकभर आफै उपस्थित हुने गरौं र कारोबार गरेपछि आफ्नो बचत तथा ऋण पासबुक संस्थाको खातामा भिडाउने गरौं।
२. संस्थाले रकम संकलन गरी के-के कार्यमा कसरी खर्च गरेको छ थाहा पाइराखौं।
३. संस्थाले भरपर्दो आम्दानी नगरी कुनै अनावश्यक खर्च गरेको छ कि थाहा पाईराखौं। त्यस्तो गरेको पाइएमा नियन्त्रण गराउन पहल गरौं।
४. प्रत्येक बर्ष लेखा परीक्षण गरेको नगरेको जानकारी लिऔं।
५. संस्थाबाट लिएको श्रण आयमूलक कार्यमा लगाई आम्दानीको स्रोत बढाऔं।
६. प्रत्येक सदस्यहरुको सहकार्यमा संस्था अगाडी बढ्ने हुँदा रचनात्मक सुझव लिई संस्थालाई प्रगती तर्फ बढाऔं।
७. संस्थाका पदाधिकारी र कर्मचारीले गरेको कार्यको जानकारी राखौं।
८. आफ्नो बालबालिकाको फजुल खर्च रोकी उनीहरुको भविष्य उज्वल बनाउन आजैबाट बाल बचत कार्यक्रममा सहभागी बनौं।
९. संस्थाले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाऔं।
१०. संस्थाले प्रवाह गर्ने सेवा तथा सुविधा बारे आफुले पनि बुझौं अरुलाई पनि जानकारी गराऔं।

दर्ता नं.: ५७२/०६५/६६
स्थायी लेखा नं.:३०३४४३४७४

सहकारी ऐन २०४८ अर्न्तगत स्थापित

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
# DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE LTD.

पोखरा-१२, माटेपानी
स्थापित:२०६५

# १३औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन

# वार्षिक प्रतिवेदन
(आ.व. २०७७/०७८)

२०७८ असोज १७ गते देखि २३ गतेसम्म

फोन नं.:०६१-५२५०६६
ईमेल:dpsco12@gmail.com

# विषयसूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | राष्ट्रिय गान तथा सहकारीका सात सिद्धान्तहरु | १ |
| २. | कार्यक्रम तालिका | २ |
| ३. | १३ औं साधारण सभा तथा ५औं अधिवेशनमा उपस्थितिको निमन्त्रणा | ३ |
| ४. | अध्यक्षको प्रतिवेदन | ४–७ |
| ५. | सचिवको प्रतिवेदन | ८–१४ |
| ६. | कोषाध्यक्षको आ.व. २०७७/७८ को आर्थिक प्रतिवेदन तथा आ.व. २०७८/७९ को प्रस्तावित बजेट | १५–२८ |
| ७. | लेखा संयोजकको वार्षिक प्रतिवेदन | २९–३२ |
| ८. | लेखा प्रतिबेदन (Audit Report) | ३३–४९ |
| ९. | विनियम २०६५ संशोधन तथा पुनरलेखन सम्बन्धमा | ५०–५३ |
| १० | विगत ३ वर्षको आर्थिक गतिविधिको झलकहरु | ५४–५५ |
| ११. | टिपोट | ५६–५७ |



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

## सहकारीका सात सिद्धान्तहरू

- स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntry & Open Membership)
- सदस्यताद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Control Member)
- सदस्यहरुको आर्थिक सहभागिता (Member's Economic Participation)
- स्वायत्तता तथा स्वतन्त्रता (Autonomy Independence)
- शिक्षा, तालिम तथा सूचना (Education Training & Information)
- सहकारीहरु बिच सहयोग (Co-operation among Co-operatives)
- समुदाय प्रति चासो (Concern for Community)

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा १२, माटेपानी

## १३ औं वार्षिक साधारण सभा २०७८ को कार्यक्रम

## २०७८ असोज १७ देखि २३ गते शनिबारसम्म

## कार्यक्रम तालिका

| क्रं.सं. | मिति | समय | कार्यक्रम विवरण |
|---|---|---|---|
| | २०७८/०६/१७ गते | विहान ११:०० बजेदेखि ०१ बजेसम्म | साधारण सभा उद्घाटन समारोह |
| २. | २०७८/०६/१७ देखि २३ सम्म | विहान ११:०० देखि ४:०० बजेसम्म | रजिष्ट्रेशन तथा उपस्थिति पुस्तिकामा हस्ताक्षर तथा सुझाव संकलन |
| २. | २०७८/०६/२३ गते | १०:०० देखि १०:१५ | आसन ग्रहण |
| ३. | | १०:१५ देखि १०:३० | राष्ट्रिय गान, सहकारीका सात सिद्धान्त, स्वागत मन्तव्य र कार्यक्रम उद्घाटन |
| ४.. | | १०:३० देखि १०:३५ | अध्यक्षको मन्तव्य |
| ५. | | १०:३५ देखि १०:४५ | शुभकामना मन्तव्य |
| ६. | | १०:४५ देखि ११:०० | सम्मान कार्यक्रम |
| ७. | | ११:०० देखि ११:०५ | प्रमुख अतिथिको मन्तव्य |
| ८. | | ११:०५ देखि ११:१५ | मायाको चिनो वितरण |
| बन्द सत्र | | | |
| ९.. | | ११:०० देखि १२:०० | सचिव, कोषाध्यक्ष, लेखा सुपरिवेक्षण समिति संयोजकको प्रस्तुत, छलफल तथा निर्णय |
| १०.. | | १२:०० देखि १२:१५ | संस्थाको विनियम संशोधन प्रस्ताव प्रस्तुत, छलफल र निर्णय |
| ११. | | १२:१५ देखि १२:२५ | सबै प्रतिवेदन माथि छलफल |
| १२. | | १२:२५ देखि १२:३० | आर्थिक वर्ष २०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण |
| १३.. | | १२:३० देखि १२:४५ | सभाको निर्णय पूस्तिकामा हस्ताक्षर गर्न १२ जना सदस्यको मनोनयन |
| १४.. | | १२:४५ देखि ०१:०० | खाजा |
| | | ०१:३० देखि ३:०० | चुनाव तथा संचालकहरुको सपथ ग्रहण |
| १५. | | देखि ०३:०० | समापन |

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-१२, माटेपानी

**विषयः १३ औं साधारण सभा तथा ५ औं अधिवेशन मा उपस्थिति हुने बारे ।**

**महोदय,**

यस दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.पोखरा १२, माटेपानीको यही मिति २०७८ भदौ १३ गते बसेको सचालक समितिको बैठकको निर्णय, सहकारी रजिष्ट्रार कार्यालय गण्डकी प्रदेशले मिति २०७८/०५/०७ गते जारी गरेको सूचना तथा सहकारी विभागले मिति २०७७/०६/०१ गतेको पत्र संख्या ७७/७८ च.नं. २०२ को सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धि मार्गदर्शन बमोजिम विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको यस विषम परिस्थितिमा संस्थाको साधारण सभा सञ्चालन कार्यविधि अनुसार **१३ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन** निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि अनुरोध गर्दै आफ्नो महत्वपुर्ण सल्लाह सुझावहरु लिखित रुपमा पेश गरिदिनु हुन् विनम्र अनुरोध गर्दछौं । कुनै कारणबश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि उपस्थित भई दिनु हुन पनि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरुः**

१. संचालक समितिको तर्फबाट संस्थाको अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन ।
२. आ.व. २०७७/७८ को सचिवको प्रतिवेदन प्रस्तुत र पारित ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूको प्रतिवेदन उपर छलफल र अनुमोदन ।
४. आ.व. २०७७/७८ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम पारित ।
५. आ.व. २०७७/७८ का लेखा परिक्षकको प्रतिवेदनउपर छलफल र अनुमोदन ।
६. आ.व. २०७७/७८ को मूनाफाबाट शेयर लाभाँश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण प्रस्ताव पारित गर्ने ।
७. आ.व. २०७८/७९ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. आ.व. २०७८/७९ को लागि कानुनी सल्लाहकारको नियुक्ति ।
९. विनियम संशोधन तथा पुनर्लेखनको लागि अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
१०. नीति र कार्य संचालन कार्यविधिहरुको अनुमोदन सम्बन्धमा ।
११. सहकारी एकीकरण सम्बन्धमा अख्तियारी प्रदान गर्ने ।
१२. सेवा केन्द्र स्थापना तथा संचालन गर्ने सम्बन्धमा ।
१३. साधारण सभामा निर्णय पुस्तिकामा हस्ताक्षर गर्न १२ जना प्रतिनिधि चयन गर्ने ।
१४. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन
१५. विविध

**कार्यक्रमः**

मिति : २०७८ असोज १७ गते देखि २३ गतेसम्म
समय : बिहान ११:०० देखि ४:०० बजेसम्म
स्थान : संस्थाको कार्यालय पोखरा १२, शितलादेबी
सम्पर्क : ०६१-५२५०६६, ९८५६०३९५३८

सचिव
कौशिला गुरुङ्ग

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**
**स्था: २०६५**

## १३ औं बार्षिक साधारण सभा तथा ५ औं अधिवेशन कार्यक्रममा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हितमान गुरुङ्गज्यूको प्रतिवेदन

**१३ औं बार्षिक साधारण सभा तथा ५ औं अधिवेशन** कार्यक्रमका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, शेयर सदस्यज्युहरु, सल्लाहकारज्यूहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उप-समितिका सदस्यज्यूहरु, कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन ब्यक्त गर्दछु ।

स्थानीय तहमा उपलब्ध पूँजीलाई बचतको माध्यमबाट एकिकृत गरी उक्त पूँजीको परिचालनबाट संस्थामा आवद्ध सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्तरलाई माथि उठाउँदै दिगो र उन्नत भविश्यको लागि आत्मनिर्भरता बनाउने उद्देश्यले वि.सं. २०६५ मंसिर २३ गते तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गरी दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भएको हो ।

स्थानीय तहका व्यक्तिहरुको स्व-ऐच्छिक सहभागिताबाट उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक आवश्यकताहरु समानुपातिक रुपमा परिपुर्ति गर्नको लागि सामूहिक स्वामित्व, सुशासन र प्रजातान्त्रिक विधिबाट संचालन तथा व्यवस्थापन गरिएको स्वायत्त संस्था नै सहकारी हो । मानव सभ्यताको प्रारम्भिक कालदेखि नै सामुहिक सहकार्यको विकास तथा अभ्यास हुँदै आएको तथ्य हामी सबैलाई अवगत नै छ । एक जना ब्यक्तिको प्रयासले मात्र हाम्रा आवश्यकताहरु पुर्ति गर्न संभव छैन । सामूहिक सोच, प्रयास, छलफल, सहकार्य, निर्णय र नेतृत्वको आवश्यकता पर्दछ । म होइन हामी, मेरो होइन हाम्रो, एक जनाको लागि होइन सबैंका लागि भन्ने मुल मन्त्र र भावनाबाट अभिप्रेरित भई सदस्यहरुको वित्तीय तथा गैह-वित्तीय आवश्यकताहरु पुरा गर्दै समृद्ध समाज तथा राष्ट्र निर्माणको लागि धन श्रृजना गरी सदस्यहरुको आर्थिक स्थिति फराकिलो तथा मजबुत बनाउने काम सहकारीले गर्छ ।

सहकारीको सिद्धान्त तथा अवधारणालाई व्यवहारमा मुर्तरुप दिदै सदस्यहरुको आर्थिक, सामाजिक एवं शैक्षिक तथा अल्पकालिन र दिर्घकालिन वित्तीय आवश्यकताहरु परिपूर्ति गर्नका लागि यस संस्थाका बरिष्ठ सदस्य श्रीमती रसकुमारी गुरुङको नेतृत्वमा स्थापना गरिएको यस दूध पोखरी सहकारीले वि.सं. २०६५ बाट वित्तीय कारोबर गर्दै आएको कुरा सबैं सदस्यहरुलाई अवगत नै छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्त र स्थानीय, प्रादेशिक तथा संघीय सरकारको सहकारी सम्बन्धि ऐन, नियम, कार्यबिधि तथा कार्ययोजनाबाट निर्देशित हुंदैं सदस्यहरुको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रको बिकासमा योगदान गर्दै सकारात्मक परिर्वतनको पवित्र कार्यमा सम्पुर्ण सदस्यज्यूहरुको सक्रिय सहयोग र सहभागिताले संस्थालाई समुदायको दिगो विकासको लागि उत्कृष्ठ सहकारीको रुपमा विकास गर्न सहयोग पुग्ने विश्वास संस्थाले लिएको छ । शेयर सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सम्पुर्ण सेवाहरु घर दैलोमा पुर्‍याउने, वित्तीय परामर्श, तालिम, सहकारी शिक्षा, आयमुलक सम्बन्धि तालिम, स्वास्थ्य सम्बन्धि सचेतना लगायतका सेवा तथा कार्यक्रमहरु यस संस्थाले संचालन गर्दै आएको ब्यहोरा यहाँहरुलाई पुन स्मरण गराउन चहान्छु ।

पूर्ण सुशासन, पारदर्षिता, ब्यवसायिक तथा कार्यकुशलता, दिगो तथा गुणस्तरीय साकोस, नीति, बिधि तथा प्रबिधिबाट निर्देशित भई नमुना साकोस बनाउने अभियानमा हामी निरन्तर रुपमा लागि परेका छौं । हाम्रो अभियानलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार तथा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कुन) ले संयुक्तरुपमा प्रवर्द्धन तथा कार्यान्वयनमा ल्याएको प्रोबेसन ब्राण्ड (PROBATION Brand) कार्यक्रममा हाम्रो साकोस सहभागि भएको छ । यो कार्यक्रममा सहभागि हुनुको मुल उद्देश्य नेपाल गुणस्तर चिन्ह (Brand) पाउनु रहेको छ । यो कार्यक्रम अन्तर्गत हाम्रो संस्थाको वित्तीय अवस्था, सदस्यहरुको बिवरण, आन्तरिक ब्यवासायिक परिवेश, निरन्तर सिकाई तथा वृद्धिको अवस्था, ब्यवासायिक दक्षता तथा कार्यकुशलता, समन्वय तथा सहभागिता र कमजोरी तथा चुनौतीहरु जस्ता महत्वपुर्ण क्षेत्रहरुलाई समेटेर नेफस्कुनबाट नियमित रुपमा अनुगमन, सल्लाह र सुझावहरु प्राप्त गर्दै आएको छ ।

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को असर चौतर्फी रुपमा परेको कुरा यहाँहरुलाई अवगत नै छ । गत दुई बर्षदेखि हाम्रो देश नेपाल पनि यो माहामारीबाट अक्रान्त बनेको छ । सरकारले यो  भाइरस देशब्यापी

रुपमा फैलिनबाट नियन्त्रन गर्नको लागि विभिन्न सुरक्षात्मक उपायहरु लगातर रुपमा लागु गर्दै आइरहेको छ । यो बिषम परिस्थितिले सिर्जना गरेको नकारात्मक असरबाट हाम्रो संस्था अछुतो रहने कुरै भएन । संस्थाको दैनिक कारोबारमा प्रत्यक्ष प्रभाव परेको छ । बिशेष गरी संस्थाले संकलन गरेको बचत तथा ऋण लगानीमा असन्तुलन कायम रहेको छ । एकातिर ऋण लगानीको तुलनामा बचत संकलन बढी भएर संस्थामा तरलताको मात्रा अधिक रहेको छ भने अर्कोतिर लगानीमा रहेको ऋणमा उठ्नु पर्ने ब्याज तथा साँबा रकम उठाउन कठिनाई भइरहेको छ । यसबाट संस्थाको आम्दानीमा प्रत्यक्ष प्रभाव परिरहेको छ । महामारीको अवस्थामा पनि संस्थाले अधिकतम सुरक्षाका उपायहरु अपनाएर सदस्यहरुलाई सेवा तथा सुबिधाहरु प्रदान गर्दै आइरहेको छ । बिश्वलाई नै अक्रान्त बनाइरहेको कोरोना भाइरसबाट चाँढै छुटकारा पाउने संभावना नभएकोले आफु पनि बच्ने/बाँच्ने तथा अरुलाई पनि बचाउने मन्त्रलाई मनन गर्दै संस्थाबाट सदस्यहरुलाई प्रदान गरिने सेवा र सुबिधालाई निरन्तरता दिनेछ ।

कोरोना कहरले गर्दा उत्पन्न भएको जटिल परिस्थितिमा बिगतका बर्षहरुमा जस्तो साधारण सभा तथा अधिवेशन कार्यक्रम गर्न सम्भव नभएकोले नेपाल सरकारको सहकारी बिभागबाट विभिन्न मितिहरुमा जारी भएको निर्देशनहरुको पुर्ण पालना गर्दै विभिन्न बैकल्पिक उपायहरु मध्ये समुह समुहमा संस्थाको कार्यालयमा उपस्थित भई २०७८ असोज १७ गते आइतबारबाट शुरु गरी असोज २३ गते शनिबार साधारण सभा तथा अधिवेशन कार्यक्रम सम्पन्न गर्ने निर्णय गरेको छ ।

आदरणीय शेयर सदस्यहरु, लेखा समितिका सदस्यहरु, सल्लाहकार सदस्यहरु, समिति तथा उप-समितिका सदस्यहरु तथा कर्मचारीहरुको निरन्तर माया, ममता, बिश्वास, सहयोग, इमानदारिता तथा सहभागिताबाट हाम्रो साकोसले आ.व. २०७८ को मसान्तमा रु. ७०.८४ करोडको वासलात (Balance Sheet) बनाउन सफल भएका छौं । बिस्तृत बिबरण उपलब्ध प्रतिबेदनमा संलग्न छ । सदस्यहरुबाट उठेका जिज्ञासा तथा प्रश्नहरु आगामी दिनहरुमा छलफल तथा प्रस्टिकरण गरिनेछ ।

मेरो अध्यक्षतामा संस्थालाई यो स्थानसम्म ल्याई पुर्‍याउन महत्वपुर्ण र रचनात्मक सल्लाह र सुझाव दिनु हुने आदरणीय सल्लाहकारज्यूहरु, संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति तथा उप-समितिका सहकर्मी साथीहरु, कर्मचारीहरु लगायत सम्पुर्ण शेयर सदस्यहरुप्रति हार्दिक अभारी प्रकट गर्दछु ।

अन्तमा,
यस साधारण सभा तथा अधिवेशनबाट सबल, सक्षम, चुस्त तथा व्यवसायिक संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु चयन भएर आउनेछ र संस्थालाई अझ नयाँ उचाईमा पुऱ्याउनेछ भन्ने अपेक्षा गर्दै बि.सं. २०७८ सालको बडा दशै, दिपावली, छठ तथा अन्य पर्वहरुको उपलक्ष्यमा समस्त शेयर सदस्यहरु, शुभचिन्तक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

धन्यबाद !
जय सहकारी !

हितमान गुरुङ
अध्यक्ष
दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
१७-२३ असोज २०७८

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**
**स्थाः २०६५**

## १३ औं बार्षिक साधारण सभा तथा ५ औं अधिवेशन कार्यक्रममा सचिव श्री कौशिला गुरुङद्वारा प्रस्तुत प्रतिवेदन

यस गरिमामय साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यूहरु, संचालक समिति र उप-समितिका पदाधिकारीज्यूहरु, यहाँ उपस्थित सम्पुर्ण शेयरधनी सदस्यज्यूहरु, पत्रकार मित्रहरु, यहाँहरु सबैमा यस संस्थाको सञ्चालक समिति र मेरो तर्फबाट हार्दिक स्वागत र अभिवादन गर्न चाहन्छु ।

सहकारी सिद्धान्त र मुल्य-मान्यतामा आधरित सामुहिक स्वामित्व र प्रजातान्त्रिक प्रणालीबाट नियन्त्रित र निर्देशित स्वायत्त उद्यम नै पारदर्शिता र समानताको अर्को व्यवसाय हो । स्थानीय स्तरमा छरिएर रहेको साना-साना पुँजीलाई संकलन गरी स्थानीय तहमै प्रयोग गरी आफ्ना आवश्यकताहरु परिपुर्ती गर्ने, उद्यमी र व्यवासायी बनाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारीको सिद्धान्त अनुसार आर्थिक जीवन स्तरलाई उकास्ने र आत्मनिर्भर बनाउने अभिप्रायले २०६५ सालमा स्थापित यस दूध पोखरी बचत तथा ऋण सहकारी संस्था आज १३ औं बर्षमा प्रवेशको संघारमा यो साधारण सभा हुन गैरहेको पाउँदा हामी सबै खुसी छौं ।

अध्यक्षज्यू, यस संस्थाका संञ्चालक समितिका सदस्य साथीहरु, कर्मचारी साथीहरुको निरन्तर प्रयासमा तयार गरिएको आर्थिक बर्ष २०७७/७८ को प्रतिवेदन अब म यो गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र. सं | विवरण | आर्थिक वर्ष २०७६/०७७ | आर्थिक वर्ष २०७७/०७८ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १. | शेयर पुंजी संकलन | ४,४७,८१,१००.०० | ४,७७,२४,१००.०० | **६.५७** |
| २. | बचत (निक्षेप) संकलन | ४०,७०,५८,८४१.२० | ५९,०६,५८,२१६.९६ | **४५.१०** |
| ३. | कर्जा लगानी | २९,५४,४५,११९.५६ | ३१,७८,९०,३५०,०० | **७.६०** |
| ४. | शेयर सदस्य बृद्धि | २,४५६ | २,७३९ | **११.५६** |
| ५. | वार्षिक आम्दानी | **७,३३,७८,३३०.००** | **६,३१,३८,२८६.०४** | **(१३.९५)** |
| ६. | वार्षिक खर्च | **४,७७,९०,४७०.००** | **४,६०,३२,८७२.२२** | **(३.६८)** |

## १. नाफा नोक्सानको स्थिति :

संस्थावाट आर्थिक वर्ष २०७६/०७७ मा रु १ करोड ७० लाख ७४ हजार ४ सय १६ रुपैयाँ ९१ पैसा भएकोमा २०७७/०७८ मा रु १ करोड २६ लाख ८७ हजार ५ सय ८८ रुपैयाँ ९८ पैसा रहेको छ । जुन आर्थिक वर्ष २०७६/०७७ को तुलनामा (२५.६९)% ले घटी हो ।

## २. जोखिम ब्यवस्थापन :

संस्थालाई दिर्घकालसम्म जोखिमरहित अवस्थामा राख्नका लागि सहकारी मापदण्ड २०६८ अनुसार कर्जाका लागि कोष तयार गरेको छ । त्यसका लागि आर्थिक वर्ष २०७७/०७८ सम्म रु. १ करोड ४६ लाख ९ हजार ५ सय ७६ रुपैया १५ पैसा जोखिम कर्जा ब्यवस्थापन गरेको जानकारी गराउन चाहन्छौ ।

## ३. कार्यालय व्यवस्थापन शिक्षा तथा मानव संशाधन तालिमहरु :

कर्मचारीहरु तथा संचालक समितिका सदस्यहरुलाई तालिम तथा गोष्ठीहरुमा समावेश

| क्र.सं | तालिमको नाम | सहभागि | समय अवधि | आयोजक |
|---|---|---|---|---|
| १. | आर्थिक वर्ष २०७७/०७८ को लागि बार्षिक योजना तथा बजेट तर्जुमा गोष्ठी | संचालक समिति र उप समितिहरु | २०७७ असार २८ गते | संस्था |
| २. | सहकारी शिक्षा तालिम | नयां शेयर सदस्यहरु | मंसिर ५ गते | संस्था |
| ३. | राष्ट्रिय सहकारी बैकको साधारण सभा | संचालक समिति सदस्य नारायण गुरुङ | मंसिर ३ | राष्ट्रिय सहकारी |
| ४ | नेफ्स्कुनको साधारण सभा | नारायण गुरुङ | मंसिर ४,५ | नेफ्स्कुन |

## ४. कर्मचारीहरुले लिएको तालिम विवरण

| क.सं. | तालिमको नाम | सहभागिताको नाम | समय अवधि | आयोजक |
|---|---|---|---|---|
| १. | वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा | दुध काशी गुरुङ्ग | २०७८ असार ७ गतेबाट ९ गतेसम्म | राष्ट्रिय सहकारी महा संघ लि नेपाल |
| २. | कर्जा तथा जोखिम व्यवस्थापन तालिम | पदम गुरुङ्ग | २०७७/११/०९ -११ | म्यानेजरस क्लब |
| ३. | कर्जा तथा जोखिम व्यवस्थापन तालिम | असोक वस्नेत ऋण अधिकृत | २०७७ माघ १२ देखि १४ सम्म | नेफ्स्कुन |

**५.** कार्यालय व्यवस्थापन तर्फ कार्यालयलाई थप सुरक्षित बनाउनका लागि यस आर्थिक वर्षमा विभिन्न बिमाहरु नविकरण गरिएको छ । जस्तै भल्ट बिमा नगद विमा काउन्टर विमा मार्गस्थलमा रहने नगद विमाको व्यवस्था गरिएको छ  कर्मचारीहरुलाई सक्षम र कियाशिल बनाउनका लागि विभिन्न तालिम गोष्ठीहरुमा सहभागि गराउने कार्य गरियो । साथै शेयरधनी शदस्यहरुको लागि विभिन्न कार्यक्रमहरु तथा सहकारी शिक्षा तालिमहरु यस वर्ष सम्पन्न गरियो ।

## ६. विभिन्न नीति तथा कार्यविधिहरुको व्यवस्था :

यस आर्थिक वर्षमा थप नीतिहरु २०७७/२०७८

१. घरबाट काम गर्ने कार्य विधि २०७७

२ महामरी  कोभिड-१९ मा सहकारी सेवा व्यवस्थापन सम्बन्धी निर्देशिका

३. महामारीमा साधारण सभा संचालन सम्बन्धी कार्यविधी

## ७. संशोधित नीतिहरु :

१. ऋण नीति र वचत नीति

२. मानव संशोधन व्यवस्थापन निती संशोधन नीति

३. संरक्षित पूँजी फिर्ता कोष नीति संशोधन

## ८. सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग तथा कार्यक्रम :

सहकारी संस्थाको पनि आफनो छुट्टै सामाजिक उत्तरदायित्व बहन गर्नपर्ने हुन्छ । यसैलाई मनन गर्दै संस्थाले आ.व. २०६९/०७० देखि सामाजिक उत्तर दायित्व तथा सम्मान कार्यक्रमहरु गरी आईरहेको छ । आर्थिक वर्ष २०७७/०७८ मा बिभिन्न संघ संस्थाहरुबाट संस्थामा प्राप्त तथा पेश गरिएको प्रस्तावना पत्रको आधारमा संघ संस्थाहरुलाई आर्थिक सहयोग गरियो । ति निम्नानुसार छन्

- संस्थाको तर्फबाट कोरोना महामारीको बेलामा सिक्लेस गाउँमा कोरोना नियन्त्रणको रु. २५,०००/- (अक्षरुपी पच्चिस हजार) बरावरको, माक्स र सेनिटाइजर वितरण गरिएको थियो ।

## ९. शेयरधनी सदस्यहरुको लागि संचालन गरिएको अन्य तालिम तथा कार्यक्रममहरु

- सदस्य शिक्षा कार्यक्रम २०७७।१०।०९ गते
- रणनीति योजना कार्यक्रम
- मिति २०७७ साल असार २८ गते शनिबार संस्थाको अध्यक्ष हितमान गुरुङका अध्यक्षतामा बार्षिक योजना तर्जुमा र वजेट निर्माण कार्यशाला गोष्ठी सम्पन्न गरियो ।
- मिति २०७७ चैत्र २० गते नयां शेयर सदस्यहरुको लागि वार्षिक वजेट छलफल तथा सहकारी शिक्षा कार्यक्रम हितमान गुरुङ्गको अध्यक्षतामा चिउली पाचे तमु समाजका आमा समुहका कार्यसमिति सदस्यहरुसंग संयुक्त वैठक वसियो ।
- संस्थाको १२ औं बार्षिक उत्सवको अवसर पारी रक्तदान कार्यक्रम मिति २०७७ मंसिर २३ गते चिउली पाचे तमु समाज र दूध पाखरी आमा समितिसंग मिलेर कार्यालयको अगाडि सम्पन्न गरियो जसमा २९ युनिट रगत संकलन गरियो ।
- मिति २०७८ साल मंसिर २५ गते चिउली पाचे तमु समाज आमा समिति र दूध पोखरी आमा समुहका पदाधिकारीसंग संयुक्त रक्त दान कार्यक्रमको समिक्षा बैठक बसियो ।
- मिति २०७७ साल माघ ८ र ९ गतेका दिन शिक्षाउप-समिति संयोजक खिम कुमार गुरुङको संयोजकत्वमा शेयर सदस्यहरुलाई सहकारी वित्तीय शिक्षा तालिम सम्पन्न गरियो ।

- मिति २०७७ माघ २५ गते संस्थाको तर्फबाट जिल्ला सहकारी संघ लिमिटेड कास्कीको नव निर्वाचित कार्यसमिति सदस्यहरुलाई वधाई तथा सम्मान गरियो ।
- मिति २०७७ फाल्गुण ८ गते शनिबारको दिन संस्थाको अर्ध-वार्षिक समिक्षा कार्यक्रम गरियो ।
- मिति २०७७ चैत्र १९ गते ६४ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा सितला देवी मन्दिर तथा कार्यालय परिसर वरपर सरसफाई कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०७७ चैत्र २० गते ६४ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा व्यवसाय र प्रविधिमा सहकारी भन्ने मुल नाराका साथ नयां शेयर सदस्य सम्मान तथा स्वागत कार्यक्रम तथा वार्षिक वजेट सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०७८ साल बैशाख ४ गते नयां वर्षको उपलक्ष्यमा शेयर सदस्यहरुको लागि वन भोज कार्यक्रम पधेरी किचन पार्क जोइमरीमा सम्पन्न गरियो ।

## १०. प्रोबेशन कार्यक्रम :

- नेफ्स्कुनद्वारा संचालित प्रोवेशन ब्राण्ड गण्डकी क्लस्टरको १३ औं कार्यकुशलता तथा सिकाई कार्यशाला गोष्ठी गौरी शंकर साकोसको आयोजनामा मिति २०७८ माघ २० गते सम्पन्न गरियो । यस कार्यक्रममा व्यवस्थापक दुधकाशी गुरुङ्ग सहभागी हुनु भएको थियो ।
- १४ औं कार्यकुशलता तथा सिकाई कार्यशाला गोष्ठी मिति २०७८/०२/७ गते हिमचुली साकोस गोरखाले अनलाईन मार्फत संचालन गर्नु भएको थियो । यस कार्यक्रममा व्यवस्थापक, कोषाध्यक्ष, सचिव र अध्यक्षज्यू सहभागी रहेको थियो ।
- प्रोवेशन कार्यदलको वैठक ५ पटक बसेको थियो ।

## ११. बैठकहरु :

यस आर्थिक वर्ष २०७७/०७८ मा संचालक समितिको नियमित मासिक बैठक ११ पटक वसेको छ । संयुक्त बैठक १ पटक र विशेष वैठक ३ पटक गरियो । यस आर्थिक बर्ष २०७७/०७८ मा लेखा सुपरिवेक्षण समितिको २ पटक, ऋण उप-समितिको ३२ पटक र शिक्षा उप-समितिको ६ पटक वैठक बसेको छ ।

## १२. श्रद्धाञ्जली :

आ.व. २०७७/७८ मा निम्न शेयर सदस्य आफन्तहरु गुमाउनु पर्‍यो ।

क) स-सचिव लोक कुमारी गुरुङको बुबा तेज बहादुर गुरुङ
ख) यस संस्थाका शेयर सदस्य तथा सल्लाहकार कर्णेल कमानसिंह गुरुङ
ग) संचालक समिति सदस्य नारायण गुरुङको बुबा गोपीरास गुरुङ
घ) शेयर सदस्य विश्वमान गुरुङ
ङ) लेखा सुपरीवेक्षण समिति सदस्य रमादेवी कार्कीका बुबा हर्क बहादुर के.सी.
च) शेयर सदस्य राजेन्द्र ध्वजुको बुबा ऋतु प्रसाद ध्वजु
छ) शेयर सदस्य चुङ्गा प्रसाद गुरुङ र श्रीप्रसाद गुरुङको बुबा/आमा दुवै कर्ण सिंह गुरुङ र रोसमाया गुरुङ
ज) शेयर सदस्य रुद्र कुमारी गुरुङको सासु धन्खु गुरुङ
झ) शेयर सदस्य भिमकाजी गुरुङको बुबा सु. रण बहादुर गुरुङ
ञ) शेयर सदस्य खुमाया गुरुङको श्रीमान् मे. दिपक बहादुर गुरुङ
ट) शेयर सदस्य शान्ता खनालको बुबा पूर्ण बहादुर क्षेत्री
ठ) शेयर सदस्य ओम बहादुर गुरुङको बुबा देव बहादुर गुरुङ
ड) शेयर सदस्य टेकनसिंह गुरुङको आमा ह्योंखु गुरुङ

दुध पोखरी सहकारी ................ परलोक हुनुभएको निजहरुको आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

## १३. सम्मान कार्यक्रम :

- सहकारी संस्थाको पनि आफ्नो छुट्टै सामाजिक उत्तरदायित्व वहन गर्नुपर्ने हुन्छ । यसैलाई मनन गर्दै संस्थाले आ.व. २०६९/०७० देखि सामाजिक उत्तर दायित्व तथा सम्मान कार्यकमहरु गरि आईरहेको छ ।

- यस संस्थाले प्रत्येक वर्ष आफ्ना सदस्यहरुबाट उत्कृष्ट सदस्य सम्मान गर्दै आएकोमा गत आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट सदस्यको रुपमा सम्मान गरियो ।
- संस्थाको ज्येष्ठ सदस्यलाई सम्मान गर्ने कार्यक्रम अनुसार गत आर्थिक बर्ष २०७६/०७७ मा पनि जेष्ठ सदस्यलाई सम्मान गरियो ।
- यस संस्थाले प्रत्येक वर्ष आफ्ना कर्मचारीबाट उत्कृष्ट कर्मचारी सम्मान गर्दै आएकोमा गत आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरियो ।
- संस्थाका शेयरधनी सदस्यहरुका छोराछोरीहरुलाई प्रवेशिका परिक्षामा उत्तिर्ण गरे वापत हरेक वर्ष सम्मान गर्दै आएकोमा यस वर्ष कोरोना संक्रमणका कारण  सम्मान गर्न सकिएको छैन ।
- विगतमा जस्तै अन्तर-सहकारी सम्बन्ध बढाउने कार्यक्रमहरुमा सहभागी हुने आवश्यकता र माग अनुसार लगानीको क्षेत्र पहिचान गरि कार्यक्रमहरु संचालन गरियो ।

अध्यक्षज्यू
अन्त्यमा यस गरिमामय साधारण सभामा आफ्नो अमूल्य समय दिई उपस्थित हुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्युहरु, शुभ चिन्तक शेयरधनी सदस्यज्यूहरु सवैमा पुन हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदन यस सभामा छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।
जय दूध पोखरी सहकारी ।



कौशिला गुरुङ
सचिव

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**
**स्थाः २०६५**

## १३ औं बार्षिक साधारण सभा तथा ५ औं अधिवेशन कार्यक्रममा कोषाध्यक्ष कप्तान सम्सेर गुरुङबाट आर्थिक वर्ष २०७७/०७८ को आर्थिक प्रतिवेदन तथा २०७८/०७९ को प्रस्तावित बजेट

**१३ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन** कार्यक्रमका सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यूहरु, सल्लाहकार समितिका सदस्यज्यूहरु, संचालक समिति तथा उप-समितिका सदस्यज्यूहरु, कर्मचारी साथीहरु आमन्त्रित पाहुना ज्यूहरु, तथा शेयरधनी सदस्यज्युहरुमा हार्दिक नमस्कार तथा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु विश्वव्यापी महामारी काभिड-१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले विगत डेढ बर्ष अघि (२०७६ चैत ११ गते) बाट नेपाल अधिराज्यभर केही महिना बन्दाबन्दी पछि सुरक्षा मापदण्डको पालनको साथ कहिले खुल्ने कहिले बन्द हुने ताकि कसरी यस महामारीको प्रकोपलाई फैलिनबाट रोक्न सकिन्छ भन्ने उद्देश्यले नेपाल सरकारबाट विभिन्न समयहरुमा जारी आदेश र दिशा निर्देशलाई पालन गर्दै गर्दा हामीले यो समय अवधिहरुमा अनेक विघ्न वाधा र समस्याहरुको सामना गर्नुपर्‍यो र अझै पनि गर्दै छौँ । यो साल पनि हामीलाई गएको सालमा झै हुन र गर्न बाध्य बनायो । यो हामी सबैको लागि हो सबैले बुझेका छौ तसर्थ **“जान छ त, जहान छ, आफु बचौं र अरुलाई पनि बचाउ”** आउने सालहरुमा कोरोनाको कहर शान्त भएपछि हामी पहिलाको झै सबै जम्मा भएर धूमधामको साथ मनाउला यहि आग्रह गर्न चाहन्छु । आउने दिनहरुमा यहाँहरुको कुशलताको कामना गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरु, आज हामी हाम्रो संस्था दूध पोखरी साकोसको **१३ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन** कार्यक्रममा सहभागी भइरहेका छौँ । हाम्रो लागि यो समय/यो दिन गौरवको दिन हो । हिजो संस्था स्थापना गर्ने दिनहरुमा संस्थापक अगुवाइ गर्ने सदस्यहरुलाई के कति समस्याहरुको सामना गर्नुपरेको थियो त्यो यहाँहरुलाई थाहा नै छ, मात्र ५२ जना शेयर सदस्यज्युहरुबाट

रु. ५,२०,०००/- संकलन शेयर पूँजी परिचालन गर्न कसरी गर्ने, के गर्ने, के नगर्ने अन्यौलमा थियो, दोधारमा थियो, आदि आदि समस्याहरुसंग लडिबुडि खेल्दै शुरुवात गरेको यो संस्था आज १३औं बर्षमा आई पुग्दा हाम्रो शेयर पुँजी रु. ४,७७,२४,१००/- र कुल सम्पति रु.७०,८३,८४,९५८.७३ हुनु या पुग्नु हाम्रो लागि ठुलो उपलब्धि हो जस्तो मलाई लाग्छ । यस उपलब्धिमा विशेष गरी कर्मचारीहरुको मेहनत संचालकहरुबाट सहि निर्णय, सल्लाह, दिशानिर्देश साथै तपाई शेयर सदस्यज्युहरुको न्यानो माया र बिश्वासले नै यो परिणाम हासिल गर्न सकेको हो । यस प्रतिफलले हाम्रो हौसला अझ बढेकोछ । हामीले धेरै गर्‍यौ भन्नु भन्दा अझै हामीले धेरै सिक्नुछ ,जान्नुछ र धेरै गर्नुछ । गएको साल शेयर पुँजी रु.४,४७,८१,१००/- र कुल सम्पति रु.५१,५६,८०,७४८.९९/- थियो । गएको् बर्ष २०७६/०७७ को अनुपातमा २०७७/०७८ मा पनि शेयर पूँजी त्यति बढाएको छैन केवल रु. २९,४३,०००/- मात्र बढाएकोछ कारण सहकारीको सिद्धान्त अनुसार सदस्यहरु को जीवन स्तरलाई माथि उठाउने र व्यक्तिगत शेयर लगानीमा सकभर एक रुपता कायम गर्ने हामीले प्रयास गरेका छौ तर शेयरको तुलनामा संस्थाको कुल सम्पति आ.व. २०७७/२०७८ को वासलात, कुल सम्पति (Balance Sheet) मा रु. २९,२७,०४,२१०/- ले वृद्धि भएको पाउँदा सबै शेयर सदस्यज्यूहरुको संस्था प्रति विश्वास र माया बढेको हामीले महसुस गरेका छौ सबै शेयर सदस्यज्यूहरुलाई धेरै धेरै बधाई तथा धन्यवाद दिन चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु आज सम्मका सिकाईबाट हासिल गरेका अनुभवलाई निखार्दै संस्थामा समय सापेक्ष नीति, विधि र प्रविधिको साथ **"समुदायको दिगो विकासको लागि उत्कृष्ट सहकारी संस्था"** परिकल्पना लक्षका साथ शेयर सदस्यहरुको गुणस्तरीय जीवन निर्माणको लागि सहकारी सिद्धान्त अनुरुप सम्पूर्ण वित्तीय सेवाहरु प्रदान गर्ने संस्थाको रुपमा स्थापित गरि ती सेवाहरु प्रदान गर्दैछ, गरिरहेकोछ र भविष्यमा पनि अझ सहज रुपमा गरिरहनेछ हामीले विश्वास लिएका छौ । यही अनुसार शेयर सदस्यहरुको सम्पूर्ण प्रकारको बचत, आवश्यकता अनुसार कर्जा, रेमीटेन्स सेवा र विशेष गरि सिक्लेस बचत संकलन केन्द्रबाट गाउँका जनतालाई आफ्नै घर आँगनमा ती सेवा सुविधाहरु प्रदान गर्न सक्नु हाम्रो लागि सौभाग्य को कुरा हो । यहाँ र गाउँमा हामीले सक्दो हर सेवा दिने प्रयास गरेका छौ यहाँहरुको माया साथ र सहयोग हाम्रो संस्थामा यसरी नै रहिरहने छ भनि पूर्ण विश्वास गर्दछौ । यति भन्दै आ.व. २०७७/०७८ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन र आ.व. २०७८/०७९ को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. आ.व. २०७७/०७८ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन

१.१ आ.व. २०७८/०७९ को प्रस्तावित बजेट

| क्र.सं | शीर्षक | प्रस्तावित बजेट | प्रगति |
|---|---|---|---|
| १. | शेयरपूँजी | १,२२८,०००.०० | २,९४३,०००.०० |
| २. | निक्षेप/बचत व्यवस्थापन<br>● बचत संकलन<br>● बचत फिर्ता | <br>१,२०९,४२०,०००.००<br>१,०५५,६५४,०००.०० | <br>१,८१६,७४२,५६८.०५<br>१,६३३,१४३,१९२.२९ |
| ३. | ऋण लगानी | ३८४,०७८,६५५.०० | ३१७,८९०,३५०.०० |
| ४. | कार्यालय व्यवस्थापन, शिक्षा, तालिम तथा मानव संशाधन कार्यक्रम<br>● विभिन्न संघसंस्थाले आयोजना गरेको तालिम तथा कार्यक्रममा सहभागि<br>● संस्थाको रणनीतिक योजनाको समिक्षा तथा पुनः निर्माण<br>● संस्थालाई आवश्यक थप विभिन्न नीतिहरुको निर्माण<br>● विभिन्न खालको सचेतनामुलक कार्यक्रमहरुको आयोजना<br>● सहकारी शिक्षा कार्यक्रम | १२०,०००.०० | ३१,३६५.०० |
| ५. | उत्सव तथा समारोहका लागि<br>● सहकारी दिवस | १२०,०००.०० | १८२,७७५.०० |

| | | | |
|---|---|---|---|
| | • सहकारी बनभोज<br>• अन्य थप कार्यक्रम | | |
| ६. | कार्यालय सम्पत्ति खरिद<br>• कम्प्युटर खरिद<br>• चेक प्रिन्टर<br>• व्यवस्थापकको कुर्सी<br>• अन्य आवश्यक सम्पत्ति | १,१५,०००.०० | ७०,९०३.०० |

## १.२. आम्दानी तर्फ

| आम्दानीको शीर्षक | २०७७/७८ को लक्ष्य | २०७७/७८ को प्रगति | भिन्नता आउनको कारण |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज | ५,६७,६७,२११.०० | ४,३४,७१,०८४.०४ | लकडाउनले गर्दा असुली तथा लगानी दुबैमा कठिनाई |
| ब्याज (बैंक) | १,१२,८६,७९७.०० | १,४७,२६,४७७.०८ | तरलता बढी भई बैंकमा मुद्दतीमा राखिएकोले |
| सेवा तथा अन्य शुल्क | २७,५४,२९७.०० | २२,३७,७८२.०० | लकडाउनले गर्दा लगानी गर्न नपाएकोले |
| सदस्यता शुल्क | ३४,०४८.०० | ३४,२००.०० | |
| घरभाडा आम्दानी | १,८१,२६१.०० | २,९२,५४०.०० | अघिल्लो वर्षको बाँकी यस वर्ष भुक्तान गरिएकोले |
| लाभांस आम्दानी | २,१४,४२२.०० | २,७८,४४९.८५ | |
| हर्जाना आम्दानी | ४,३४,३३७.०० | २,३३,२०३.०० | लकडाउनले गर्दा ढिलो भुक्तानी भएपनि चार्ज नलिएकोले |
| अग्रिम भुक्तानी शुल्क | २,६९,५०३.०० | २,२४,९६०.०० | |

| | | | |
|---|---|---|---|
| एस.एम.एस. शुल्क आम्दानी | २२,१७६.०० | ३९,०००.०० | लकडाउनको कारण सोचेभन्दा बढी प्रविधिको प्रयोग गरिएकोले |
| रेमिट्यान्स कमिशन | ४,०७,७८६.०० | ३,६०,२३९.१० | लकडाउनले गर्दा कार्यालय बन्द भई सोचे जस्तो कारोबार नभएकोले |
| एस.एम.एस. कमिशन | ४०,५९०.०० | ६६,८९१.०० | लकडाउनको कारण सोचेभन्दा बढी प्रविधिको प्रयोग गरिएकोले |
| अन्य आम्दानी | ४,१०,६४५.०० | ४,५३५.०० | |
| खाताबन्दी शुल्क | ३३६.०० | ३,१००.०० | |
| कर्मचारी बोनस | ५,५४,९२०.०० | ११,६५,८२४.७७ | कर्मचारीलाई बांडेर बचेको रकम आम्दानी बाँधिएकोले |
| **जम्मा आय** | **७,३३,७८,३३०.००** | **६,३१,३८,२८६.०४** | |

## १.३. खर्च तर्फ

| **खर्चको शिर्षकहरु** | **२०७७/७८ को लक्ष्य** | **२०७७/७८ को प्रगति** | **भिन्नता आउनको कारण** |
|---|---|---|---|
| **पूँजीको लागत:** | | | |
| बचतमा ब्याज | ४,०३,०४,७३४.०० | ४,०७,४४,५६९.३४ | लकडाउनले गर्दा लगानीको अवसर कम भएकोले डिपोजिट बढेको |
| बाहृय ऋणमा ब्याज | | | |
| अन्य खर्चहरु | | | |
| **पूँजीको लागत (क)** | ४,०३,०४,७३४.०० | ४,०७,४४,५६९.३४ | |

| | | | |
|---|---|---|---|
| **संचालन खर्चहरु:** | | | |
| **कर्मचारी खर्च (अ)** | **३६,३८,००५.००** | **२६७३,१२७.५०** | |
| कर्मचारी तलब | १८,६९,३००.०० | १८,३१,२७५.०० | एक जना कर्मचारीले आर्थिक वर्षको बीचमा छोडि गएको हुनाले र यो वर्ष कर्मचारी ड्रेस खरीद नगरिएकोले |
| संचयकोष | १,८६,९३०.०० | १,८३,१२७.५० | |
| अन्य भत्ताहरु | ५,१६,०००.०० | ५,०१,०००.०० | |
| दशै खर्च | १,५५,७७५.०० | १,५५,७७५.०० | |
| अन्य कर्मचारी खर्च | १०,०००.०० | १,९५०.०० | |
| कर्मचारी बोनस खर्च | ९,००,०००.०० | | |
| **अन्य संचालन खर्च (आ)** | **३१,०७,७३१.००** | **२४,०१,०३५.३८** | |
| घरभाडा | ३,०८,९८९.०० | २,६४,६७२.०० | असार महिनाको मिलान गरिएकोले |
| यातायात तथा ईन्धन | २६,३७६.०० | ३१,९००.०० | |
| पानी | ११,१५०.०० | ७,४२३.०० | |
| विजुली | ३७,९०८.०० | ३३,७५३.०० | नाईट गार्ड परिवार सहित बसेकोले बढी खपत भएको |
| मसलन्द तथा छपाई | २,१६,८८४.०० | १,९२,१८०.०० | अघिल्लो वर्षको स्टोकमा रहेको मसलन्द र छपाई लाई यो वर्ष खर्च बुक गरिएकोले |
| सुरक्षा खर्च | २,५०,५८९.०० | २,२३,७४०.०० | |
| मर्मत तथा सम्भार | ६७,७१९.०० | ३१,७०५.०० | |
| बिमा खर्च | ३५,०००.०० | ७०,७१३.१८ | योजना नगरिएको कोरोना बिमा थपिएकोले |
| लेखा परिक्षण शुल्क | १,००,०००.०० | १,००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ह्रास खच | ४,२३,०६५.०० | ३,४५,३०७.८४ | थप्ने भनिएको सम्पत्तिहरु नथपिएकोले |
| सदस्यता शुल्क | १३,४५१.०० | १५,००५.०० | |
| बैठक भत्ता | १,६८,२२४.०० | १,६६,४००.०० | |
| साधारण सभा | ८,४८,१८६.०० | २,८४,६८१.०० | लकडाउनले गर्दा ठूलो संख्यामा उपस्थित नगराई तथा खाना र खाजाको व्यवस्था गर्न नपरेकोले |
| फोन, संचार खर्च | ७२,००६.०० | ६८,४५०.४१ | |
| खाजा खर्च | १,९२,२३८.०० | १,४९,७८४.०० | लकडाउनले गर्दा कार्यालय लगभग १ महिना जति बन्द भएकोले |
| सफ्टवयर नवीकरण | ९५,०००.०० | ९०,४००.०० | बजेट योजनामा छुटेको |
| क्लाउड खर्च | ८०,०००.०० | ६६,८२८.१६ | |
| एस.एम.एस. कमिशन | ४०,५९१.०० | ६६,८९१.२० | बन्दा बन्दीको कारण बढी खपत भएकोले |
| कार्यालय खर्च | ३६,०२४.०० | ७७,६३५.५९ | कोभिड - १९ को कारण ग्लोब्स, माक्स, सेनिटाईजर, थर्मोगन आदिमा बढी खपत भएकोले |
| बैक क्लीरिङ्ग चार्ज | २,२२९.०० | ९४५.०० | |
| अन्य खर्च | ४२,१०४.०० | ३७,६२१ | |
| नीति तथा कार्यविधि तयारी खर्च | १०,०००.०० | | |
| ई-टेलर, QR-code | ३०,०००.०० | | |

| | | | |
|---|---|---|---|
| जस्ता नयाँ नयाँ कार्यक्रमहरु launch गर्ने | | | |
| प्रोबेशन नवीकरण खर्च | | ७५,०००.०० | |
| **संचालन खर्च (ख=अ+आ)** | **६७,४५,७३६.००** | **५०,७४,१६२.८८** | |
| समारोह र उत्सवहरु (Function and Events) | ७०,०००.०० | ३१,३६५.०० | बन्दा बन्दीको कारण धेरै योजना गरिएको कार्यक्रमहरु गर्न नसकिएकोले |
| कार्यलय व्यवस्थापन, शिक्षा र तालिम (Office Management, Education and Training) | १,२०,०००.०० | १,२८,१९०.०० | |
| सामाजिक कार्य (Social Responsibility) | ५०,०००.०० | ५४,५८५.०० | |
| **कार्यक्रम खर्च (ग)** | **२,४०,०००.००** | **२,१४,१४०.००** | |
| **जोखिम कोष खर्च** | | | |
| ऋण जोखिम कोष खर्च | ५,००,००० | | |
| अन्य जोखिम कोष खर्च | | | |
| **जोखिम खर्च (घ)** | **५,००,०००** | | |
| **जम्मा खर्च (क+ख+ग+घ)** | ४७,७९०,४७०.०० | ४,६०,३२,८७२.२२ | |
| **नाफा** | **२५,५८७,८५९.००** | **१,७१,०५,४१३.८२** | |

## २. बजेट रकमान्तर

| क्र. सं. | नपुग खर्च शीर्षक | रकम | शिर्षकबाट रकमान्तर | रकम | कै. तथा औचित्य |
|---|---|---|---|---|---|
| १. | यातायात तथा ईन्धन | ५,५२४.०० | पानी र विजुली | ५,५२४.०० | |
| २. | सदस्यता शुल्क | १,५५४.०० | बैठक भत्ताबाट | १,५५४.०० | |
| ३. | एस.एस.कमिशन | २६,३००.२० | मसलन्द र छपाई तथा सुरक्षा खर्चबाट | २६,३००.२० | |
| ४. | कार्यालय खर्च | ४२,५५६.५९ | घरभाडाबाट | ४२,५५६.५९ | |
| ५. | अन्य खर्च | २२,२२३.०० | ह्रास खर्च | २२,२२३.०० | |
| ६. | प्रोबेशन नवीकरण खर्च | ७५,०००.०० | नीति तथा कार्यविधि तयारी, नयाँ कार्यक्रम लन्च गर्ने र खाजाबाट | ७५,०००.०० | |
| ७. | कार्यालयको व्यवस्थापन तालिम र शिक्षा | ८,१९०.०० | समारोह र उत्सवबाट | ८,१९०.०० | |
| ८. | सामाजिक कार्य | ४,५५८.०० | समारोह र उत्सवबाट | ४,५५८.०० | |
| ९. | ऋण जोखिम कोष खर्च | ९,८१,४३८.७६ | साधारण सभा, क्लाउड खर्च, मर्मत तथा सम्भार र अरु बाँकी शीर्षकबाट | ९,८१,४३८.७६ | |

३. सहकारी सस्था स्थानीय तह मातहत हुने भएकोले सो को लागि व्यवस्थापन तथा समन्वयले यस संस्था विगतदेखि नै विगत देखि नै वार्षिक कार्य योजना तथा बजेट तयारी गरी यस सभा समक्ष पेश गरी सो को स्वीकृति गरी कार्यान्वयन गर्दै आएको व्यहोरा अनुरोध गर्दै यस संस्थाको आ.व. २०७७/७८ को कार्ययोजना तथा कार्यक्रम र अनुमानित बजेट निम्न अनुसार तयार गरी स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

## शेयर बृद्धिको अनुमान

| क्र. सं. | विवरण | २०७८/०३/३१ सम्म | | २०७८/७९ को थप लक्ष्य | | २०७८/७९ सम्मको जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १. | शेयर नयाँ थप | २८३ | ९,११,२५० | ३९० | ५६,७५,००० | ३९० | ६५,८६,२५० |
| २. | पुरानो सदस्यबाट थप | २५२६ | ४,६९,८७,८५० | ४०५ | २९,२०,००० | २८०९ | ४,९९,०७,८५० |
| | जम्मा | **२,८०९** | **४,७८,९९,१००** | **३९०** | **८५,९५,०००** | **३१९९** | **५,६४,९४,१००** |
| ३. | शेयर फिर्ता | ३४ | १,७५,००० | २० | १,००,००० | ५४ | **२,७५,०००** |
| | **खुद अवस्था** | **२,७७५** | **४,७७,२४,१००** | **३८०** | **८४,१५,०००** | **३१४५** | **५,६२,१९,१००** |

## बचतको अवस्था

| बचतको अवस्था | | | | |
|---|---|---|---|---|
| **विवरण** | **२०७८/०३/३१ सम्म** | **२०७८/७९ को बचत थपको लक्ष्य** | **२०७८/७९ को बचत फिर्ताको लक्ष्य** | **२०७८/७९ सम्मको जम्मा** |
| बाल बचत | ६७,८४,९६९.६६ | ३४,२०,९९३.५९ | ९,६८,८५४.६१ | ९२,३७,१०८.६३ |
| दैनिक बचत | १,५०,१६,८३७.६६ | १४,५२,८६,२३७.८८ | १४,३३,६०,०००.०० | १,६९,४३,०७५.५४ |
| दूध पोखरी बचत | ८,१३,८३,६६७.३७ | ७१,०६,३५,१८७.५० | ७०,८७,५०,०००.०० | ८,३२,६८,८५४.८७ |
| दूध पोखरी विशेष बचत | ३,४९,६५,०६७.८८ | ८,८८,२९,००८.०० | ८,०७,९९,५२०.०० | ४,२९,९४,५५५.८८ |
| जेष्ठ नागरिक बचत | २,७५,९९,७४६.५३ | ९,४९,९८,५४७.०० | ९,७३,७३,५१०.६८ | २,५२,२४,७८२.८६ |
| नियमित मासिक बचत | १,८९,३४,८०९.८८ | ७०,०१,५७५.०० | २,००,०००.०० | २,५७,३६,३८४.८८ |
| शेयर सदस्य बचत | ८,२८,८२,५९२.१७ | ८४,६५,४१,७०९.०० | ७७,२५,५०,०००.०० | १५,६८,७४,३०१.१७ |
| कर्मचारी बचत खाता | ६३,३२४.२२ | १६,९४,७३१.०० | १५,९०,०००.०० | १,६८,०५५.२२ |
| रेमिटेन्स बचत | ३,६१,९९५.११ | ८,७५,१६०.०० | ६,५५,०००.०० | ५,८२,१५५.११ |
| आवधिक बचत | ३१,८८,४७,७६७.५९ | ७०,७०,९९,४९६.०० | ७५,९९,४५,०००.०० | २६,६०,०२,२६३.५९ |
| अन्य | ३८,१७,४३८.८९ | ५६,७५,१८२.०९ | २५,००,०००.०० | ६९,९२,६२०.९८ |
| जम्मा | ५९,०६,५८,२१६.९६ | २,६१,२०,५७,८२७.०६ | २५,६८,६९१,८८५.२९ | ६३,४०,२४,१५८.७३ |

## अनुमानित आय व्यय विवरण

| आम्दानी शीर्षक | २०७८/०३/३१ सम्म | २०७८/७९ को लक्ष्य |
|---|---|---|
| ऋण लगानीमा व्याज | ४,३४,७१,०८४.०४ | ४,५४,७१,०८४.०४ |
| बैक व्याज | १,४७,२६,४७७.०८ | १९,६११,७८७.५३ |
| सेवा तथा अन्य शुल्क | २२,३७,७८२.०० | ३६,१५,४५०.१८ |
| सदस्यता शुल्क | ३४,२००.०० | ४२,७५०.०० |
| घरभाडा आम्दानी | २,९२,५४०.०० | ३,२९,५२०.०० |
| हर्जाना आम्दानी | २,३३,२०३.०० | २,९१,५०३.७५ |
| अग्रिम भुक्तानी शुल्क | २,२४,९६०.०० | २,५८,७०४.०० |
| एस.एम.एस.शुल्क आम्दानी | ३९,०००.०० | ४५,०००.०० |
| कमिशन | ३६०,२३९.१० | ४,५८,०००.०० |
| एस.एम.एस.कमिशन | ६६,८९१.०० | ७६,९२४.६५ |
| अन्य आम्दानी | ४,५३५.०० | ५०,०००.०० |
| लाभाँस आम्दानी | २,७८,४४९.८५ | ३,४८,०६२.३१ |
| खाताबन्दी शुल्क | ३,१००.०० | ३,५०० |
| कर्मचारी बोनस | ११,६५,८२४.७७ | ५,१०,९८१.८१ |
| **जम्मा आय** | **६,३१,३८,२८५.८४** | **७,११,१६,७६८.२७** |
| **खर्च शीर्षक** | | |
| **पूँजीको लागतः** | | |
| बचतमा व्याज | ४,०७,४४,५६९.३७ | ४,४५,३४,४१७.०० |
| अन्य खर्चहरु | | |
| **पूँजीको लागत (क)** | **४,०७,४४,५६९.३७** | **४,४५,३४,४१७.००** |
| **संचालन खर्चहरुः** | | |
| **कर्मचारी खर्च (अ)** | **२६,७३,१२७.५०** | **४१,६६,७८३.१२** |
| कर्मचारी तलब | १८,३१,२७५.०० | २१,६५,३९६.०० |
| संचयकोष | १,८३,१२७.५० | २,१६,५३९.६० |
| अन्य भत्ताहरु | ५,०१,०००.०० | ६,३७,५००.०० |
| दशै खर्च | १,५५,७७५.०० | १,६४,७८३.०० |
| अन्य कर्मचारी खर्च | १,९५०.०० | १,००,०००.०० |
| कर्मचारी बोनस खर्च | | ८,८२,५६४.५२ |

| | | |
|---|---|---|
| **अन्य संचालन खर्च (आ)** | **२४,०१,०३५.३८** | **२७,५७,८१८.००** |
| घरभाडा | २,६४,६७२.०० | ३,०३,८०४.०० |
| यातायात तथा ईन्धन | ३१,९००.०० | ४१,४००.०० |
| पानी | ७,४२३.०० | ८,४००.०० |
| विजुली | ३३,७५३.०० | ३६,०००.०० |
| मसलन्द तथा छपाई | १,९२,१८०.०० | १,८९,०००.०० |
| सुरक्षा खर्च | २,२३,७४०.०० | |
| मर्मत तथा सम्भार | ३१,७०५.०० | ५४,५००.०० |
| विमा खर्च | ७०,७१३.१८ | ७९,९५४.०० |
| लेखा परिक्षण शुल्क | १,००,०००.०० | १,१३,०००.०० |
| ह्रास खर्च | ३,४५,३०७.८४ | ३,५०,०००.०० |
| सदस्यता शुल्क | १५,००५.०० | २०,०००.०० |
| बैठक भत्ता | १,६६,४००.०० | २,३७,६००.०० |
| साधारण सभा | २,८४,६८१.०० | ६,११,६००.०० |
| फोन, संचार, इन्टर्ननेट | ६८,४५०.४१ | ९६,६००.०० |
| खाजा खर्च | १,४९,७८४.०० | १,८०,०००.०० |
| सफ्ठवयर नवीकरण | ९०,४००.०० | १,२३,०००.०० |
| क्लाउड खर्च | ६६,८२८.१६ | ७२,०००.०० |
| एस.एम.एस.कमिशन | ६६,८९१.२० | ७२,०००.०० |
| कार्यालय खर्च | ७७,६३५.५९ | ७८,०००.०० |
| बैक क्लीरिङ्ग खर्च | ९४५.०० | ९६०.०० |
| अन्य खर्च | ३७,६२१.०० | ५,०००.०० |
| नीति तथा कार्यविधि तयारी खर्च | | |
| ई-टेलर, Qr-code जस्ता नयाँ नयाँ कार्यक्रमहरु launch गर्ने | | १०,०००.०० |
| प्रोबेशन नवीकरण खर्च | ७५,०००.०० | ७५,०००.०० |
| **संचालन खर्च (ख=अ+आ)** | **५०,७४,१६२.८८** | **६९,२४,६०१.१२** |
| समारोह र उत्सवहरु | ३१,३६५.०० | २,००,०००.०० |
| कार्यालय व्यवस्थापन, | १,२८,१९०.०० | १,५०,०००.०० |

| | | |
|---|---|---|
| शिक्षा र तालिम | | |
| सामाजिक जिम्मेवारी | ५४,५८५.०० | ८०,०००.०० |
| **कार्यक्रम खर्च (ग)** | **२,१४,१४०.००** | ४,३०,०००.०० |
| **जोखिम कोष खर्च** | | |
| ऋण जोखिम कोष खर्च | | २८,६०,०००.०० |
| अन्य जोखिम कोष खर्च | | |
| **जोखिम खर्च (घ)** | | **२८,६०,०००.००** |
| **जम्मा खर्च (क+ख+ग+घ)** | **४,६०,३२,८७२.२२** | **५,४३,१९,०१८.१२** |
| **नाफा** | **१,७१,०५,४१३.८२** | **१,६७,९७,७५०.१५** |

## थप ऋण लगानीको अनुमान

| विवरण | २०७८।०३।३१ सम्म | २०७८।७९ को लक्ष | | २०७९ असार मसान्तसम्म |
|---|---|---|---|---|
| | | लगानी | असुली | |
| व्यवासायिक ऋण | ५,९२,७०,९६८.१० | ६,२१,३७,८९०.९३ | ४,६३,३९,१०७.८५ | ७,५०,६९,७५१.०० |
| शैक्षिक ऋण | १,५५,१८,२९३.४५ | ८०,०८,०००.०० | १,२२,१३,६३९.८४ | १,१३,१२,६५४.०० |
| समूह जमानी ऋण | १७,२२,५७१.२४ | २२,३९,३४२.६१ | १०,०३,५०७.८५ | २९,५८,४०६.०० |
| हायर पर्चेज ऋण | १,३३,३६,१३२.१८ | ३९,९५,५५०.०० | ४१,०७,६१२.२९ | १,३२,२४,०७०.०० |
| घर जग्गा ऋण | १,६५,३१,२३६०.४३ | १४,५६,५४,२०५.१६ | ११,७५,३२,०३३.९४ | १९,३४,३४,५३२.०० |
| विविध ऋण | ३,३१,८४,६७५.२० | १,८३,९३,७००.०० | २,९५,४९,७११.६३ | २,२०,२८,६६४.०० |
| व्यक्तिगत ऋण | ८५,८७,९८९.१४ | १,१९,१३,९९२.४० | १,२२,६३,३८१.५२ | ८२,३८,६००.०० |
| कृषि ऋण | २०,५७,४६२.५० | २६,२५,०००.०० | २५,६९,०३८.६० | २१,१३,४२४.०० |
| बैदेशिक ऋण | ९५,६०,३६७.०९ | ३४,९८,७५०.०० | १०,९२,९१६.६९ | १,१९,६६,२००.०० |
| बचतको आधारमा ऋण | ९३,३९,५३०.६७ | १,६२,९३,७५०.०० | ४४,३४,५६३.२० | २,११,९८,७१७.०० |
| | ३,१७,८९,०३५०.०० | २७,४७,६०,१८१.११ | २३,११,०५,५१३.४० | ३६,१५,४५,०१८.०० |

आ.व. २०७८/७९ को स्थिर सम्पत्ती खरीद विवरण

| क.स. | सम्पत्तिको नाम | संख्या | मुल्य |
|---|---|---|---|
| १. | फर्निचर | २ | १०,०००.०० |
| २. | कम्प्युटर | २ | ४०,०००.०० |
| ३. | प्रिन्टर | २ | ५०,०००.०० |
| ४. | मोबाईल बैकिङ्ग | | **१००००** |
| | | **जम्मा** | ११०००० |

अध्यक्षज्यू

अन्तमा यस गरिमामय १३ औं साधारण सभा तथा ५ औं अधिवेशनमा आफ्नो अमुल्य समय दिनु भई कार्यक्रमको शोभा बढाई दिनु भएकोमा प्रमुख अतिथिज्यू , अतिथिज्यूहरु, अमन्त्रित पहुनाज्यूहरु र शेयर धनी सदस्यज्यूहरु सबै जनामा पुनः हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदनलाई यस सभामा छलफल गरि अनुमोदनको लागि हार्दिक अनुरोध गर्दै आउदै गरेको विजय दशमी तथा दिपावलीको हार्दिक मंगलमय शुभकामनाको साथ यहाँहरुको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै विदा हुन्छु । धन्यवाद ।

**धन्यवाद, "जय दूध पोखरी सहकारी"** ।

**कप्तान सम्सेर गुरुङ्ग**
**कोषाध्यक्ष**

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**
**स्थाः २०६५**

## १३ औ वार्षिक साधारण सभा तथा ५ औं अधिवेशनमा लेखा तथा सुपरिवेक्षण समितिका तर्फबाट संयोजकः श्री देवीजङ्ग गुरुङ्गद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन

आदरणीय सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, शेयर सदस्यज्यूहरु साथै उपस्थित सम्पुर्ण महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक नमन टकयाउन चाहन्छु।

यस दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि. वि. स. २०६५ सालमा स्थापना भई ५२ जना शेयर सदस्यज्यूहरुबाट रु. ५२०,०००।- शेयर पुंजी संकलन गरी स्थापना भएको व्यहोरा जानकारी गराउदै २०७७/०७८ आषाढ समान्त सम्मः

| | |
|---|---|
| शेयर सदस्य संख्या | : २७३९ |
| शेयर पूँजी | : ४,४७,८१,१००.०० |
| बचत | : ५९,०६,५८,२१६.९६ |
| ऋण लगानी | : ३१,७८,९०,३५०.०० |

जम्मा बचत तथा ऋण परिचालन गर्न सक्षम रहेको व्यहोरा यहाँहरु सामु अवगत गराउन चाहन्छु ।

१. अघिल्लो साधारण सभाको निर्णयहरु कार्यान्वयनको अवस्था
यस संस्थाको मिति २०७७ कार्तिक १३ गतेदेखि २३ गतेसम्म सम्पन्न १२ औं बार्षिक साधारण सभाले गरेका निर्णयहरु सामान्यतय कार्यान्वयन भएको देखिन्छ ।

२. आ.व २०७७/०७८ मा बसेको वैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था

- संचालक समितिको नियमित बैठक ११ पटक संयुक्त बैठक १ पटक र विशेष बैठक ३ पटक
- शिक्षा उप-समितिको वैठक ६ पटक
- लेखा सुपरिक्षण समितिको बैठक २ पटक
- ऋण लगानी तथा असुली उप-समिति ३२ पटक

३. कर्मचारी संख्या र भर्ना प्रकृया

| | |
|---|---|
| व्यवस्थापक | १ |
| ऋण अधिकृत | १ |
| ऋण सहायक | १ |
| क्यासिएर | १ |
| रिसेप्सनिष्ट | १ |
| कार्यालय सहायक | १ |
| सुरक्षा गार्ड | १ |
| बजार प्रतिनिधि | ३ |
| संकलन केन्द्र प्रमुख | १ |

४. पदाधिकारीहरुको पारिश्रमिक भत्ता तथा अन्य सुविधाको विवरण

- समितिका सदस्यहरुलाई पारिश्रमिकको व्यवस्था नभएको
- समितिका सदस्य वा पदाधिकारीहरुलाई वैठक भत्ता वापत रु. ८०० मा १५% कर कटाएर रु ६८०/- लिने वाहेक अन्य कुनै सुविधा लिएको छैन ।

५. मानव संसोधन तथा आर्थिक नीति :

- साधारण सभाबाट पारित आर्थिक प्रशासन नियमावलीको व्यवस्था भएको
- मानव संसोधन व्यवस्थापन सम्बन्धी व्यवस्था प्रयोगमा ल्याइएको ।
- कार्यरत कर्मचारीहरु र कार्यवोझ बिच ताम्यता रहेको र कर्मचारीहरुवाट गुनासो नभएको ।
- कार्यालय प्रमुख अथवा व्यवस्थापकको योग्यता, क्षमता र नेतृत्वदायी भुमिका देखिन्छ र सहकारी सम्बन्धी विभिन्न व्यवस्थापन तालिमहरुमा सहभागी भएको पाइन्छ ।

६. सामुहिक धन जमानीमा दुई लाख रुपैयाँसम्म र धितो जमानीमा आवश्यक्ता र सम्भावनाका आधारमा जोखिमलाई न्यूनीकरण गरी कुल चुक्तापूँजी र जगेडाको १०% भन्दा धेरै एक सदस्यलाई नहुने गरी ऋण लगानी गरिएको पाइन्छ ।

७. सहकारी विभाग, पोखरा महानगरपालिका सहकारी शाखा तथा सम्बन्धित संघ संस्थाहरुले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार प्राप्त निर्देशन सुझावहरुलाई कार्यान्वयन भएको पाईन्छ ।

८. गत वर्षको तुलनामा यस वर्ष आम्दानी तर्फ १३.९५ % र खर्च तर्फ ३.६८ % घटेको एको देखिन्छ ।

९. नेफ्स्कुन,बचत तथा ऋण सहकारी संस्थाहरुको छाता संस्थाको सदस्यता लिई आवश्यक तालिम र सहकार्य गरी अघि बढ्नुका साथै बर्तमान समयमा नेफ्स्कुनको प्रोवेशन कार्यक्रममा सहभागी भएको पाइन्छ ।

१०. पोखरा महानगरपालिका वडा नं. १२ सितलादेवीको कित्ता नं.४९ को १८८.१० वर्गमिटर जग्गा संस्थाको नाममा कायम रहेको पाइन्छ ।

११. संस्थाको ऋण तथा बचत निति साथै अन्य नीति तथा कार्यविधिहरु संस्थाको विधान बमोजिम गरिएको पाइन्छ ।

१२. सुझावहरु

आ.व. को १२ औ साधारण सभाबाट पारित बजेट र आय व्ययको लक्ष्य प्राप्तीको लागी सुपरिवेक्षण हुँदा शेयर निक्षेप कर्जा व्याज, आम्दानी, तरलता आदि पक्ष सकारात्मक देखिन्छ भने दायित्व लक्ष्य भन्दा न्यून देखिएकोले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

संस्थामा शेयर सदस्य, निक्षेप, कर्जा लगानी, आम्दानी र खर्चको जुन अनुपातमा वृद्दि भैरहेको छ त्यसलाई निरन्तरता दिन आर्थिक प्रशासन तथा कार्यान्वयन पक्षलाई समायनुकुल सक्षम बनाउदै जानु पर्ने ठुलो चुनौति पनि थप हुन आएको हुँदा स्तरीय र गुणात्मक सेवा दिनेतर्फ कार्यान्वयन पक्षको ध्यानार्कषण गराईन्छ ।

संस्थाको लगानी उत्पादनमूलक क्षेत्रन्मुख हुनु पर्ने देखिन्छ ।
संस्था संचालन खर्चमा सकेसम्मको नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

सहकारी विभागले जारी गरेको मापदण्ड अनुसार समान प्रकृति र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुसंग एकीकरणको प्रकृया अगाडी बढाउनु पर्ने देखिन्छ ।

- लेखाको सहकारी मापडण्ड २०६८ को अनुसार दोहोरो लेखा प्रणाली अन्तरगत कम्प्यूटरको माध्यमबाट प्रष्टसँग राखिएको छ ।
- आ.व.को १२ औं साधारण सभाबाट पारित बजेट र आय व्ययको लक्ष्य प्राप्तिको लागि सुपरिवेक्षण हुँदा शेयर, निक्षेप, कर्जा, व्याज, आम्दानी, तरलता आदि पक्ष सकारात्मक देखिन्छ भने दायित्व लक्ष्य भन्दा न्यून देखिएकोले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । संस्थामा सदस्य शेयर, निक्षेप, कर्जा लगानी, आम्दानी र खर्चको जुन अनुपातमा बृद्धि भैरहेको छ । त्यसलाई निरन्तरता दिन आर्थिक प्रशासन तथा कार्यान्वयन पक्षलाई समयानुकूल सक्षम बनाउदै जानुपर्ने ठुलो चुनौती पनि थप हुन आएको हुँदा स्तरीय र गुणात्मक सेवा दिने तर्फ कार्यान्वयन पक्षको ध्यानाकर्षण गराइएको छ ।
- संस्थाले प्रस्तुत गरेको आ.व. २०७७/०७८ को वासलातले संस्थाको आर्थिक अवस्थाको स्थिति र नाफा नोक्सान हिसावले लाभ हानीको यथार्थ चित्रण गर्दछ ।
- ऋण लगानीको प्रकृया सरल, सुरक्षित र धितो पर्याप्तताको आधारमा गरिएको छ ।

अन्तमा लेखा सुपरिवेक्षण कार्य सहयोग पुर्‍याउनु हुने व्यवस्थापनका साथीहरु, सम्पूर्ण कर्मचारीलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

जय सहकारी ।

देवी जंग गुरुङ्ग
संयोजक
१७-२३ असोज २०७८

**Goshali & Associates**
Chartered Accountants

Nayabazar, Pokhara-8, Kaski, Nepal
061-544112 9856030092
goshali.associates@gmail.com

## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

**श्री शेयर सदस्य महानुभावहरु**
**दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
माटेपानी, पोखरा-१२, कास्की

**आ.व. २०७७/७८ को लेखापरीक्षणको प्रतिवेदन**

हामीले **दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.को** वित्तिय विवरण जसले २०७८ साल आषाढ मसान्तको वित्तिय स्थिति विवरण, सो मितिमा समाप्त भएको अर्थिक वर्ष २०७७/७८ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरु समावेश गर्दछ, को लेखापरिक्षण सम्पन्न गरेको छौं ।

**हाम्रो राय**

